# यशोधरा गाउँपालिका
# सातौं गाउँसभा
## बार्षिक नीति तथा कार्यक्रम
## आ.ब. २०७८/०७९

**यशोधरा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बैदौली कपिलवस्तु**

प्रारम्भ मिति २०७८ असार १० गते

यशोधरा गाउँपालिकाको यस गरिमामय गाउँ सभामा आ.व. ०७८।०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हामी अत्यन्त हर्षित छौं ।राज्यको पुनः संरचना पछि जनताले अनुभुति गर्न सकने स्थानीय सरकारको रुपमा हामी निर्वाचित भए पश्चात चौथो बार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको अन्तिम चरणमा पुर्याउन लाग्दै गर्दा यस यशोधरा गाउँपालिकाको विकास र उन्नतिको लागि सकृय रुपमा अगाडि बढ्दै प्रभावकारी रुपमा दैनिक सेवा प्रवाह र विकास पथमा लाग्नु भएका सम्पूर्ण सभाका सदस्यहरुलाइ धन्यवाद ज्ञापन गर्दछु ।लोकतान्त्रिक गणतन्त्र तथा स्वतन्त्रताको निम्ती अन्दोलनका क्रममा आफ्नो रगतले मातृ भुमिलाइ उर्वरा गर्नु हुने बीर शहीदहरु प्रति भावपूर्ण श्रद्धन्जली अर्पण गर्दछु ।

अध्यक्ष एवं सदस्य महानुभावहरु

**आ.व.२०७८/७९ को नीति तथा कार्यक्रम तर्जुमाका सैद्धान्तिक आधारहरु**

१. नेपालको संविधान,२०७२,

२. स्थानीय सरकार संचालन ऐन, २०७४,

३. संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु,

४. स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७५ (परिमार्जित) ,

५. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शन तथा निर्देशनहरु,

६. .राजनितिक दल, विषयगत शाखाहरु, निजी क्षेत्र तथा नागरिक समाजबाट प्राप्त सुझावहरु,

७. बजेट तथा योजना तर्जुमा समितिको सिफारिस,

८. राजस्व परामर्श समितिको सुझाव,

९. संघीय र प्रदेश सरकारको आ.व. ०७८।०७९ को बजेट वक्तव्य,

१०. स्थानीय तहका विभिन्न कानुनहरु,

११. आन्तिरक राजश्वको अनुमानित आय आ.ब. ०७८।०७९

१२. समय समयमा व्यक्त प्रतिबद्धताहरु,

कृषि, उद्योग, व्यापार र पर्यटन क्षेत्रबाट आर्थिक बृद्धि गर्दै विकासका सबै पूर्वाधार निर्माण गरी समृद्ध गाउँपालिका निर्माण गर्ने दीर्घकालिन सोच, चिन्तन सहित विकासका सबै चरणहरुमा जनताको अर्थपूण सहभागीत सहित सन्तुलित र चौतर्फी विकासको लागि यशोधरा गाउँपालिकाको एकीकृत विकास योजना (गुरु योजना) अनुसरण गर्दै गाउँपालिकाले **"शान्ती सुरक्षा र समावेशी यशोधरा गाउँपालिकाको आर्थिक समाजिक वृद्धि"**भन्ने मुल नाराका साथ आ.व.२०७८/०७९ मा निम्न अनुसारको नीति अव्लम्बन गर्नेछ ।

**अध्यक्ष महोदय,**

अब म **आर्थिक बर्ष २०७८/०७९ को अनुमानित आय बजेट** प्रस्तुत गर्न अनुमति चाहन्छु ।

| सि.नं. | शिर्षक | अनुमानित रकम रु. | |
|---|---|---|---|
| १ | आन्तरिक राजस्व | १३०५0000.00 | १ करोड ३० लाख ५० हजार |
| २ | नेपाल सरकारबाट प्राप्त राजस्व बाडफाड अनुदान | ८३९८४000.00 | ८ करोड ३९ लाख ८४ हजार |
| ३ | नेपाल सरकारबाट प्राप्त वित्तीय समानिकरण अनुदान | १२९२00000.00 | १२ करोड ९२ लाख |
| ४ | नेपाल सरकारबाट प्राप्त शसर्त अनुदान | १८३७00000.00 | १८ करोड ३७ लाख |
| ५ | प्रदेश सरकारबाट प्राप्त राजश्व बाडफाड अनुदान | ७६२९७५५ | ७६ लाख २९ हजार ७ साय ५५ |
| ६ | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानिकरण | ६१०९000.00 | ६१ लाख ९ हजार |
| ७ | प्रदेश सरकारबाट प्राप्त शसर्त अनुदान | ८५४४000.00 | ८४ लाख ४४ हजार |
| ८ | प्रदेश सरकारबाट प्राप्त विषेश अनुदान | ६000000.00 | ६० लाख |
| ९ | ०७७१०७८ को संचित बचत | ५000000.00 | ५० लाख |
| १० | जि.स.स बाट लागत सहभागीता योजना तथा कार्यक्रमबाट पाप्त रकम | ३000000.00 | ३० लाख |
| ११ | पदेश समपुरक अनुदान | १५000000.00 | १ करोड ५० लाख |
| | जम्मा आय बजेट | ४६१२१६७५५.00 | ४६ करोड १२ लाख १६ हजार ७ साय ५५ |

**अध्यक्ष महोदय,**

अब म वार्षिक नीति तथा कार्यक्रमको प्राथमिकताहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**गाउँपालिकाका प्राथमिकताहरु :**

- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई
- कृषि, पशु तथा पर्यटन
- भौतिक पूर्वाधार
- बालमैत्री स्थानीय शासन
- वातावरण मैत्री स्थानीय शासन

**अध्यक्ष महोदय,**

अब म नीति तथा कार्यक्रमको उद्देश्य प्रस्तुत गर्न चाहन्छु ।

- ✓ गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा भौतिक पूर्वाधार
- ✓ गाउँपालिकावासीहरुको आर्थिक सामाजिक जीवनमा आमुल परिवर्तन
- ✓ बालमैत्री गाउँपालिका
- ✓ बातावरण मैत्री गाउँपालिका

## <u>शिक्षा, संस्कृति एव खेलकुद सम्बन्धी नीतिः</u>

१. गरीबीको रेखामुनी रहेको कुनै परिवारको सदस्यले माध्यमिक शिक्षामा A+ ल्याउने छात्र छात्रालाई प्राविधिक शिक्षा अध्ययनको लागि आर्थिक सहयोग कार्यक्रमलाइ निरन्तरता दिने छ

२. आगामी आर्थिक बर्षमा पूर्ण साक्षर गाउँपालिका घोषणा गरिने छ ।

३. गाउँपालका अन्तरगतका सामुदायिक विद्यालयहरुका शिक्षक दरवन्दीलाइ विद्यार्थी संख्याको आधारमा तहगत शिक्षक दरवन्दि मिलान कार्य आगामि आ.ब. ०७८।०७९ को पहिलो चौमासिकमा समपन्न गर्ने लक्ष्य लिइएको छ ।

४. सामुदायिक विद्यालयमा कार्यरत जनशक्तीहरुको क्षमता अभिवृद्धका लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

५. विद्यालय स्वास्थ्य शिक्षाका लागि सामुदायिक विद्यालयमा नर्स परिचालनका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

६. सामुदायिक विद्यालयका प्र.अ., शिक्षक तथा कर्मचारीलाइ शैक्षिक सुधारका लागि विभिन्न स्थान अध्ययन अवलोकन गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।

७. गाउँपालिका भित्रका शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर सुधार्न कार्यक्रम संचालन गरिनेछ ।

८. प्रारम्भिक बालविकास केन्द्रहरुको पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ । यस कार्यमा दातृ निकाय संगको साझेदारी कार्यक्रमलाइ जोड दिने छ ।

९. बालमैत्री शिक्षण विधि, निरन्तर विद्यार्थी मुल्याङकन जस्ता क्रियाकलापबाट सिकाई उपलब्धी वृद्धि गराउने कार्यलाई अनुगमन द्धारा जोड दिने छ ।

१०. गाउँपालिकामा आगामी बर्षमा क्यमपसको स्थापना गरिने छ ।

११. शिक्षामा सबैको पहुँच वृद्धिका लागि गाउँपालिकाभित्र रहेको शैक्षिक संस्थाहरुको गुणस्तर सुधार गर्नका लागि गाउँपालिका स्तरीय शिक्षक, अभिभावक, विज्ञहरु सँग छलफल गरी आवश्यक शिक्षा रणनिति एव नियमावलीको निर्माण गरिने छ

१२. यशोधरा गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक एव धार्मिक विद्यालयहरुमा विद्यार्थी एवं शिक्षकको अनुपात हेरी गाउँपालिका स्तरी शिक्षक कोटा अनुदानलाइ निरन्तरता दिने छ ।

१३. शिक्षकहरुको क्षमता विकास गर्नका लागि नवीनतम शिक्षण विधि, शैक्षिक समाग्री, निर्माण तथा प्रयोग विधी सम्बन्धी समय समयमा उचित कार्यक्रम संचालन गरिनेछ

१४. अनौपचारिक शिक्षालाई कार्यान्वयन गर्न CLC लाई जिम्मेवार बनाइ समय समयमा समुदाय स्तर सचेतना मुलक कार्यक्रम संचालन गरिने छ

१५. ५ बर्ष देखि १२ बर्ष उमेर समुहका सबै बालबालिका विद्यालयलाई विद्यालय भर्ना कार्यक्रम निरन्तरता दिने छ । "**बालबालिकालाइ विद्यालय ल्याऔं र पढाइमा टिकाऔं**" कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिने छ ।

१६. गरिब जेहेन्दार छात्राहरुलाइ भय रहित वातावरणमा शिक्षा प्राप्त गर्ने अवसरका साथै विद्यालयमा सहज आवत जावतको लागि साइकल प्रदान गरि प्रोत्साहित गर्ने कार्यक्रमलाइ निरन्तरता दिने छ।

१७.नेपालको संविधान बमोजिम मौलिक हकको रुपमा रहेको शिक्षा प्राप्तीको अधिकारलाई अनिवार्य र निः शुल्क कायम गर्न पहल गरिनेछ ।

१८. सामुदायिक एव धार्मिक विद्यालयहरुको आवश्यकता पहिचान गरी विद्यालयको भौतिक संरचना सुधारका कार्यक्रमलाइ प्रभावकारी रुपमा लागु गरिने छ ।

१९. मा.वि. तह का विद्यालय नभएका वडामा मा.वि. तहमा स्तरउन्नति गर्ने कार्यक्रम निरन्तरता दिने छ ।

२०. अनलाइन शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइने छ । सबै सार्वजनिक माध्यमिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला र उच्चगतिको इन्टरनेट सुविधा पुर्याइने छ ।

२१. दिवा खाजा कार्यक्रमलाइ प्रभावकारी रुपमा कार्यन्वयन गरिने छ

२२. खानेपानी, विद्युतिकरण, एव छात्रछात्राको छुट्छुटै शौचालयको व्यवस्थालाइ प्रभावकारी / रुपमा लागु गरिने छ ।

२३.नेपाल सरकारद्धारा राष्ट्रियस्तरमा निर्धारण गरिएको विद्यालयको भौतिकपूर्वाधरको रंग आगामी बर्षमा माध्यमिक विद्यालयहरुमा लागु गरिने छ ।

२४. विद्यालय सहयोगी, बालविकास सहजकर्तालाइ प्रोत्साहन स्वारुप प्रदान गर्दै आएको कार्यक्रमलाइ निरन्तरता दिने छ ।

२५. अध्यक्ष कप एव राष्ट्रपति रंनिग सिल्ड कार्यक्रमलाइ समावेश गरी युवा तथा खेलकुदलाइ थप प्रभावकरी बनाइने छ ।

२६.गाउँपालिका अन्तरगत संचालनमा रहेका माध्यमिक विद्यालय(११-१२) लाइ कक्षा संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।

## स्वास्थ्य तर्फ

१. बैदौली स्वास्थ्य चौकीलाई आधारभूत अस्पतालमा परिणित गरी तत्काल १० बेड सहितको २४ घंटे सेवा संचालन गर्ने नीति लिइएको छ ।

२. आधारभूत अस्पताल बैदौलीमा १ जना चिकित्सक थप गरी २ जना चिकित्सक वाट सेवा प्रदान गर्न नीति लिइएको छ।

३. ६० वर्ष माथिका सबै महिला स्वास्थ्य सेविकालाई अवकाशको व्यवस्था गरी नयाँ महिला स्वास्थ्य स्वंयसेविका पदपूर्ति गर्ने नीति लिइएको छ ।

४. आधारभूत अस्पताल बैदौलीमा एक्सरे सेवाको व्यवस्था गर्ने नीति लिइएको छ ।

५. आधारभूत अस्पताल बैदौली वाट टाइफाइड , मधुमेह रोग ब्लेडप्रेसर रोगको औषधि निशुल्क वितरणको व्यवस्था गरिनेछ ।

६. यशोधरा गा.पा. अर्न्तगतका सबै स्वास्थय चौकीहरुमा ५ कोठे भवनको व्यवस्था गर्ने नीति लिइएको छ ।

७. वृद्धि अनुगमन कार्यक्रमलाई प्रभावकारी बनाई पालिकाको ५ वर्ष मुनि बालबालिकाहरुलाई कुपोषण मुक्त बनाइनेछ ।

८. प्रजनन स्वास्थ्य सेवा अर्न्तगत स्तन कैंन्सर, पाठेघर मुखको कैंन्सर, पाठेघर खस्ने समस्या व्यवस्थापनका लागि कैंप संचालन मार्फत उचित व्यवस्थापनको नीति लिइएकोछ ।

९. स्वास्थय संस्थाहरुको वार्षिक लेखा परीक्षण गराई पार्दशिता सुनिश्चित गरिनेछ ।

१०. गा.पा. भित्र संचालित वर्थिङ सेण्टरहरुलाई थप व्यवस्थित गरिनेछ ।

११. स्वास्थ्य संस्थाहरुवाट प्रदान गर्ने आधारभूत औषधिहरु निशुल्क वितरण कार्यलाई निरन्तरता दिइनेछ

१२. स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी बनाई लागत सहभागिताको आधारमा स्वास्थ्य विमा कार्यक्रम संचालन गरिनेछ ।

१३. कोभिड १९ लगायत मानव जीवनलाई प्रत्यक्ष प्रभाव पार्ने महामारीहरुलाई प्रभावकारी रुपमा नियन्त्रण तथा व्यवस्थापन गरिनेछ ।

१४. स्वास्थ्य चौकीहरुमा शुद्ध खानेपानीको व्यवस्था गरिनेछ ।

१५. स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुलाइ गा.पा.को नियमानुसार समय पलना गराइ काममा पारर्दशिता ल्याउन कर्मचारी संस्था खाजा कार्यक्रम संचालन गरिने छ ।

१६. स्वास्थ्य चौकी व्यवस्थापन समितिलाई अझै सक्रिय बनाइ क्षमता अभिवृद्धि गरिने छ ।

१७. स्वास्थ्य स्वंयसेविकाहरुलाइ स्वच्छ खानेपानीको लागि बायोस्याण्ड फिल्टर वितरणको व्यवस्था मिलाइने छ ।

## सामाजिक विकास तर्फ लिइएको निति

➢ **सामाजिक समावेशीकरण :**

- महिला, बालबालिका, अपाङ्ग, दलित, आदिवासी, जनजाती, लोपोन्मुख, जेष्ठ नागरिक, युवा वर्गको सशक्तिकरण गर्न, संरक्षण र सम्बर्द्धन गर्न, अवसर प्रदान गर्न र सामाजिक समावेशीता कायम गर्न कार्यक्रम संचालन गरिनेछ ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी आवश्यक कानून तर्जुमा गरिनेछ ।

➢ **बालबालिका :**

- बालबालिकाको चौतर्फि विकास गर्नका लागि गाउँपालिकालाई बालमैत्री स्थानीय शासन घोषण गर्न तर्फ अघि बढिनेछ ।
- बालबालिको विकास, संरक्षण तथा बाल अधिकार सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- बालबालिकाको सन्दर्भमा जारी भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धी सम्झौता र प्रतिबद्धताको आधारमा बालबालिकाको संरक्षण, बचाउ, विकास र सहभागितामा जोड दिइनेछ ।

➢ **महिला :**

- आमा बच्चाको स्वास्थ्यलाई ख्याल राख्दै आमा सुरक्षाको लागि स्वास्थ्य संस्था वा प्रसूति केन्द्र सम्म जाँदा लाग्ने एम्बुलेन्सको भाडा निशुल्क बनाइनेछ ।
- महिला स्वास्थ्य स्वयम सेविकालाई उत्प्रेरित गर्न प्रोत्साहन भत्ता दिने एवम कार्यक्रम संचालन गरिनेछ ।
- आय आर्जन, सीप विकास र क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- लैंगिक हिंसा, मानव बेच बिखन, विभेद र असमानता विरुद्ध जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- लैंगिक समानता, महिला सशक्तिकरण, लैंगिक मूलप्रवाहीकरण र महिला सहभागिता अभिवृद्धि गर्न कार्यक्रम संचालन गर्ने नीति लिइएकोछ ।
- किशोरी/महिलालाई आत्मरक्षाको लागि कार्यक्रम संचालन गरिनेछ ।

➢ **अपाङ्गता :**

- सबै भौतिक पूर्वाधारका संरचनाहरु अपाङ्ग, बालबालिका र महिलामैत्री बनाइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको सीप विकास र क्षमता विकास गर्न कार्यक्रम संचालन गरी उद्यमी बन्न प्रोत्साहित गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक समाग्री वितरणको व्यवस्था मिलाइनेछ ।
- अपाङ्गता पहिचान, बर्गिकरण तथा सुविधा र सहयोगका लागि कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवा सुविधा उपलब्ध गराइनेछ ।
- अपाङ्गता परिचय पत्र वितरण कार्य सहज र प्रभावकारी तरिकाले वितरणको व्यवस्था गरिनेछ ।

➢ **दलित :**

- सबै किसिमको जातिय भेदभावलाई न्यूनिकरण गर्न जनचेचनामूलक कार्यक्रम संचालन गरी जातिय भेदभाव मुक्त समाजको निर्माण गर्ने नर्िति लिइएकोछ ।
- परम्परागत पेशाहरुलाई आधुनिकीकरण गरी रुपान्तरण गरिनेछ ।
- दलित विद्यार्थीका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको व्यवसायिक शिक्षा प्रदान गर्न छात्रवृतिको लागि व्यवस्था मिलाइनेछ ।

➢ **आदिवासी जनजाती :**

- जातिय परम्परामा रहेका भाषा, भेषभूषा, संस्कृतिको जर्गेना गरिनेछ ।
- जातिय परम्परा झल्किने स्थानीयस्तरमा रहेका घरेलु उत्पादित समाग्रीहरुको प्रवर्धन गर्न सीप विकास तालिम संचालन गरिनेछ ।

➢ **लोपोन्मुख जाति / अल्प संख्यक**

- आय आर्जन र जिवन उपयोगि सीप विकास जस्ता कार्यक्रम संचालन गरिनेछ ।
- लोपोन्मुख जाति / अल्प संख्यकको संरक्षण गर्न नीति लिइएको छ ।
- मुस्लिम जातिको संरक्षन तथा प्रर्वद्धन गर्ने निति लिइएको छ ।

➢ **जेष्ठ नागरिक :**

- जेष्ठ नागरिकको सम्मान तथा संरक्षण गरिनेछ ।
- जेष्ठ नागरिकका लागि स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- सेवा प्रवाहमा जेष्ठ नागरिकलाई पहिलो प्राथमिकता दिई सेवा प्रवाह गरिनेछ ।
- जेष्ठ नागरिक पार्क तथा मिलन केन्द्र निर्माणका लागि पहल गरिनेछ ।

➢ **यूवा :**

- बैदेशिक रोजगारलाई निरुत्साहित गर्न स्वदेशमा रोजगारीको अवसर सृजना गर्न सीपमूलक, आय आर्जन व्यवसायिक तालिम दिइनेछ ।
- बैदेशिक रोजगारीमा रहेका कोभिड १९ का कारण प्रभावित घर फर्किएका वेरोजगार युवाका लागि उद्यमशलिता विकास तालिम दिई स्थानीयस्तरमा स्वरोजगारी बनाइनेछ ।
- खेलकुद मार्फत स्वास्थ्य, अनुशासित नागरिक बनाउन खेलकुदको लागि प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।
- खेलमैदानको निर्माण, संरक्षण तथा प्रवर्द्धन गर्न नीति लिइएकोछ ।

- लागू औषध दुर्व्यसन र विकृति, विसंगति विरुद्ध विभिन्न जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- विपन्न, जेहेन्दार युवालाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको व्यवसायिक शिक्षा प्रदान गर्न छात्रवृतिको लागि व्यवस्था मिलाइनेछ ।

➢ **खानेपानी तथा सरसफाई :**

- **सुन्दर यशोधरा अभियान** संचालनको नीति लिइएकोछ ।
- सबै वडामा पूर्ण सरसफाई कार्यक्रम अघि बढाइनेछ ।
- स्वच्छ, सफा तथा सुरक्षित खानेपानीका लागि खानेपानी आयोजना संचालन गरिनेछ ।
- वास योजना निर्माण गरी स्वच्छता अभियान संचालन गरिनेछ ।

➢ **धर्म संस्कृति :**

- सबै धर्म र संस्कृतिको संरक्षण र संबर्धन गरिनेछ ।
- सामाजिक, धार्मिक सहिसुष्यता/सदभाव कायम गर्न पहल गरिनेछ ।

➢ **पर्यटन :**

- ऐतिहासिक, धार्मिक तथा संस्कृतिक सम्पदाहरुको संरक्षण एवम सम्बर्द्ध गरी पर्यटकीय स्थलको रुपमा विकास गर्न प्रचार प्रसारको कार्यक्रम संचालन गरिनेछ ।
- पोखरी एवम तालको सुन्दरीकरण गरी आन्तरिक तथा बाह्रय पर्यटक आकर्षित गरिने कार्यक्रम ल्याइनेछ ।
- गाउँपालिका क्षेत्रको सरकारी जग्गामा पार्क, स्मृति वाटिका तथा चिल्ड्रेन पार्क निमार्णका लागि प्रयास गरिनेछ ।
- मधेसको कला संस्कृतिको संरक्षण गर्न अभियान चलाइनेछ ।

➢ **वन, वातावरण तथा विपद् व्यवस्थापन :**

- सार्वजनिक स्थलमा वृक्षारोपण गर्ने तथा नदी कटान, भूक्षय नियन्त्रणका लागि प्रदेश, संघ र अन्य सरोकारवाला निकाय संग पहल गरिने नीति लिइएकोछ ।
- सबै वडामा वृक्षारोपण अभियान संचालन गरिनेछ ।
- वातावरण सन्तुलन सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- वातावरणीय सरसफाई सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- विपद् व्यवस्थापन कोषको व्यवस्था गरिनेछ ।
- विपद् जोखिम न्यूनिकरणका लागि जोखिम नक्शांकन गरिनेछ ।
- विपद् व्यवस्थापन सम्बन्धी तालिम एवम जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- विपद् व्यवस्थापन सम्बन्धी आवश्यक कानून तर्जुमा गरिनेछ ।
- विपद् आउन नदिनको लागि छाप्रो विस्तापन गर्ने नीति लिइएकोछ ।

## सामाजिक सुरक्षा तथा पंजीकरण सम्बन्धि निति

१. कार्यालयमा गुनासो पेटिका, गुनासो सुनुवाई संयन्त्र एवं नागरिक वडापत्रको व्यवस्था गरिने छ । उक्त अभ्यासलाई वडातह सम्म संस्थागत गरिनेछ ।

२. डिजिटाईजेसन गर्न बाँकी रहेका हस्त लिखित घटना दर्ताका पुराना अभिलेखहरूको तथ्याकं संकलन गरी सुरक्षा र खोज्ने वित्तिकै तुरुन्त भेट्याउनको लागि पुराना अभिलेख लाई सफ्टवयर मार्फत व्यवस्थापन गरिनेछ ।

३. वडामा गठित गुनासो समितिहरुलाई सक्रिय बनाईनेछ ।
४. गा.पा. र वडा तह सम्म सामाजिक सुरक्षा तथा पंजीकरणलाई व्यवस्थापन गरिनेछ ।
५. सम्पुर्ण वार्डहरुमा इन्टरनेट जडान गरि पञ्जिकरण र सामाजिक सुरक्षालाई अनलाइन मार्फत व्यवस्था गरिनेछ ।
६. वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागी तालिम ,गोष्टी अभिमुखीकरण आदिको आयोजना गरिने छ ।
७. सामाजिक सुरक्षा प्राप्त लाभग्राहीहरुको बिवरणहरु चौमासिक रुपमा प्रकाशित गरिनेछ ।
८. वडा कार्यालयमा भए गरेका गतिबिधिहरुको निरन्तर अनुगमन तथा निरिक्षण गरिने छ ।
९. आपागंता भएका व्यक्तिका लागी पायक पर्ने स्थानबाट आपागंताको परिचयपत्र बितरणको गर्न व्यवस्था मिलाईनेछ ।
१०. पुर्ण आपागं तथा बृद्ध असहायहरुको सामाजिक सुरक्षा भत्ता भुक्तानीको लागी बैकं सगं समन्वय गरि उचित व्यवस्था मिलाईनेछ ।
११. आपागंता भएका व्यक्तिहरुको लागी साहायक सामग्री उपलब्ध गराउने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।
१२. डिजिटाईजेशन गर्न बाकी रहेका व्यक्तिगत घटना दर्ताका अभिलेखहरु डिजिटाईजेसन गरिने व्यवस्था मिलाईनेछ ।
१३. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सप्ताहको आयोजना गरिनेछ ।
१४. गा.पामा रहेको सामाजिक सुरक्षा तथा पंजीकरण सेवा इकाईलाई व्यवस्थित गरिनेछ ।
१५. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता शिविर संचालन गरिनेछ ।
१६. सामाजिक सुरक्षा तथा पंजीकरण सम्बन्धी सुचना सम्प्रेण गरिनेछ ।
१७. आपागंता भएका व्यक्तिहरुको ३० औं अन्तराष्टिय दिवस मानाईनेछ ।
१८. अभिभावक गुमाएका बालबालिकाहरुको तथ्याकं संकलन गरिनेछ ।
१९. आपागंता भएका क र ख भएका व्यक्तिहरुलाई निशुल्क स्वास्थ्य बिमा गरिने व्यवस्था मिलाईने छ ।
२०. बहिराहरुको लागी दोभाषे सहितको सांकेतिक भाषा तालिमको व्यवस्था मिलाईने छ । २१.नेत्रहीनको लागी गमनशीलता तालिम तथा सेतो छडी उपलब्ध गराईनेछ ।
२१. हिंसा पिडित, असहाय एकल महिला, जेष्ठनागरिक तथा जोखिममा परेका, बेसहारा एवं अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्राप्ति, पुर्नस्थापनाका लागी पहल गरिने छ। यसका लागि **"असहाय सँग गाउँपालिका अध्यक्ष"कार्यक्रम** लाई यस वर्ष कार्यक्रम तर्जुमा गरी थप प्रभावकारी बनाइनेछ ।
२२. दलित, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लोप उन्मुख तथा सिमान्तकृत र विपन्न लगायताको अधिकारको सुनिश्चिता हुनेगरी नीति, कानून र योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
२३. द्वन्द्ध प्रभावित बालबालिकाको लागि विषेश कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
२४. गाउँपालिका तथा वडा तहबाट सम्पादन हुने सार्वजनिक सेवा प्रवाह को सेवालाई नागरिक वडापत्र मार्फत सूचित गरिने छ ।
२५. वडा कार्यालयमा सेवाग्राहीको पहुँच विस्तार गर्न सूचना प्रविधि मैत्री बनाइनेछ ।
२६. गा.पा.मा गठित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना समन्वय समिति तथा गुनासो समन्वय समितिलाई व्यवस्थित गरि निरन्तरता प्रदान गरिनेछ ।

**कार्यक्रम**

१. वडा स्तरीय गठित गुनासो समितिलाई अभिमुखीकरण तथा तालिम कार्यक्रम
२. व्यक्तिगत घटना दर्ता का किताब डिजिटाईजेसनका लागी परामर्श सेवा
३. सामाजिक सुरक्षा व्यक्तिगत घटना दर्ता सम्बन्धी अनलाईन तालिम
४. पंजीकरण व्यवस्थापन सम्बन्धी वडालाई तालिम
५. गुनासो समितिको मासिक बैठक
६. सेवा इकाईको लागी मेसिनरी मसलन्द ,औजार,फर्निचर खरीद तथा मर्मत संभार
७. सा.सु तथा पंजीकरण सेवा ईकाइ व्यवस्थापन खर्च
८. सेवा ईकाइमा कार्यरत एम.आई.एस.अपरेटर तथा फिल्ड सहायकको एक चौमासिक तलब भत्ता
९. सेवा ईकाइमा कार्यरत एम.आई.एस.अपरेटर तथा फिल्ड सहायकको लागी संचार खर्च
१०. जेष्ठ नागरीक दिवस कार्यक्रम
११. व्यक्तिगत घटना दर्ता सप्ताहिक अभियान संचालन (२०७९बैशाष १ गते देखि ७ गतेसम्म)
१२. आपागंता परिचयपत्र बितरण कार्यक्रम
१३. आपागंता दिवस मनाउने कार्यक्रम
१४. आवश्यकता अनुसार तथ्याकं संकलन
१५. गा.पा. स्तरीय समन्वय तथा गुनासोको समिति बैठक भत्ता ,खाजा नास्ता ,तथा अनुगमन

**बालमैत्री स्थानीय शासन सम्बन्धी नीती**

- पूर्ण सरसफाईका लागी कार्यक्रम सञ्चालन गर्न नीती ल्याईएको छ ।
- बाल विवाह न्युनिकरणका लागि कार्यक्रम सञ्चालन गरिने छ ।
- बालबालिकालाई अर्थपूर्ण बाल सहभागिता गराउने नीती ल्याइएको छ ।
- बालश्रम शोषणमा कमी ल्याउने कार्यक्रम सञ्चालन गरिने छ ।
- बालबालिकाको पूर्ण खोपका लागि जनचेतनामुक कार्यक्रम सञ्चालन गरिने छ ।
- विद्यालय उमेर समुहका बालबालिकालाई विद्यालय भर्ना अभियानका लागि कार्यक्रम सञ्चालन गरिने छ ।
- घरेलु हिंसा न्यूनिकरण गर्ने कार्यक्रम संचलान गरिने छ ।
- विद्यालय जानबाट बञ्चित बालबालिकालाई विशेष कार्यक्रमको व्यवस्था गरिने छ ।
- विद्यालयमा खेल सामग्रीको व्यवस्था गरिने छ ।
- बालमैत्री ,भौतिक तथा पूर्वाधार योजनाहरु बालमैत्री बनाउको लागि समन्वय नीती गरिने छ ।
- बालमैत्री व्यवहार सम्बन्धी शिक्षकका लागि कार्यक्रम सञ्चालन गरिने छ ।
- बाल बालिकाको चौतर्फी विकास गर्नका लागि गाउँपालिकालाई बालमैत्री स्थानीय शासन घोषणा कार्यक्रम निरन्तरता दिइने छ ।
- बालबालिकाको वेचविखन र ओसारपसार गर्ने कार्य रोकथाम गर्न प्रभावकारी कार्यक्रम संचलान गरिने

- बाल संरक्षणका सवालहरूलाई आवधिक योजनामा प्राथमिकताका साथ समावेश गरिने छ ।
- बाल समुह तथा बाल सञ्जाल दर्ता गर्ने प्रक्रिया सरल र व्यवस्थि गरिने छ ।
- बालमैत्री घर, बालमैत्री समाज, बालमैत्री समुदाय, बालमैत्री गाउँ निमार्णका लागि पैरवी गरिने कार्यक्रम सञ्चालन गरिने छ ।
- वञ्चितीकरणमा परेका बालबालिकाको लागि तत्काल राहत सेवा प्रदान गर्ने व्यवस्था गरिने छ ।

## पोषण योजना (MSNP) सम्बन्धी निति तथा कार्यक्रमहरु :

१. यस गाउँपालिकामा महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने छ ।

२. बालबालिका तथा महिलाहरुको पोषण स्थितीमा सुधारलाई सामाजिक आर्थिक विकासका लागि सबैभन्दा शक्तिशाली र कम लागतको रुपमा लिईन्छ । पोषण दिगो विकास लक्ष्यलाई तीब्रताका साथ प्राप्तीका लागि महत्वपूर्ण छ । यसका प्रभावले आर्थिक प्रगतीका सार्थ मानव पूँजीको रुपमा विकास भएको महशुश हुन्छ । नेपालको संविधानले पनि आफना गाउँपालिकाहरुको पर्याप्त खाना,स्वास्थ्य तथा पोषण लगायतका अत्यावश्यक कुराहरुमा अधिकार सुनिश्चित गरेको छ । तसर्थ बहुक्षेत्रिय पोषणलाई यस गाउँपालिकाले प्राथमिकतामा राखिने छ ।

३. यस यशोधरा गाउँपालिकामा महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्नलाई यस आबका लागि यस यशोधरा गाउँपालिकाले समपुरक कोष (Matching Fund) को व्यबस्था गर्नेछ ।

४. बहुक्षेत्रीय पोषण योजनाले निदृष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीको लागि बिषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र सम्बेदनशिल क्रियाकलाहरु सन्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बाल पोषण अनुदान, खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासन आदिमा समेत बहु क्षेत्रीय पोषण योजनालाई समाबेश गर्दै पुर्ण पोषणमैत्रि वडा हुदै गाउँलाईनै पुर्ण पोषणमैत्रि गाउँ घोषणा तर्फ उन्मुख गर्ने निती लियको छ र यस आ.व.बाट सो कार्यको सुरुवात गरदै लगिने छ ।

५. सवैस्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन, सुशासन र पारदर्शिताको सुनिश्चितता गरिनेछ ।

**संभाबित कार्यक्रमहरु**

१. पालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक

२.पोषण कार्यक्रम संचालन गरि बिपन्न हजार दिनका आमाहरुलाई राहत बितरण गरिने छ ।

३ वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक

४ पोषण मैत्रि वडाका लागी स्वयं सेबिका परिचालन गरी तथ्याङक संकलन गर्ने

५ पोषण मैत्री स्थानिय शासन रणनीति अनुसार सुचकहरु स्थानियकरण तथा लक्ष्य निर्धारण गर्ने

६ गर्भवतीहरुलाई हाइजेनिक (किट) खरिद गरी वितरण

७ हजार दिनका माहिलाहरुलाई कुखुराको खोर र चल्ला सहयोग

८ पोषण स्वयं सेवकको निरन्तरता र स्वयं सेवक यातायात

९. पोषण सम्बन्धि सन्देशमुलक होडिड बोर्ड

१०. सार्बजनिक स्थलमा स्तनपान कक्ष निर्धारण

९ गर्भवति, सूत्केरी आमाहरुलाई स्थानिय स्तरबाट घरभेट र सम्मान गर्ने म.स्वा.से. लाई अभिमुखीकरण र सहयोग

१०. सुनौला हजार दिनका महिलाहरुलाइ तरकारीको विउ, च्याउको बिउ, हजारी र फिरफिरे वितरण

११. सुनौला हजार दिनका महिलाहरुलाइ पोषण ,करेसाबारी, कुखुरा पालन, सरसफाइ सम्बन्धि प्याकेजमा तालिम प्रदान

१२. कुखुराको चल्ला (८ हप्ते) खरिद गरी वितरण

१४. बालबिकास केन्द्रलाई सुदृढीकरण

१५ विद्यार्थीहरुलाई पोषण शिक्षाको कक्षा संचालन

१६ महिला शिक्षक लागि Sanitary pad निर्माण तालिम

१७ रैथाने बिउ संरक्षणका लागी बिउ बैङक स्थापना गरिने छ।

१८ वाल विकास सहजकर्तालाई पोषण सम्बन्धी तालिम प्रदान

१९ बाल विवाहले र पोषणमा पार्ने असरका विषयमा विद्यालय स्तरीय बक्तृत्वकला वा निवन्ध प्रतियोगीता संचालन

२० पोषण र स्वास्थ्य सरसफाइ सम्वन्धीको पैरवि अभियान संचालन गर्न बाल क्लव सदस्यहरुलाइ

१ दिने अभिमुखिकरण

२१ बाल विकास केन्द्रका बच्चाका आमाहरुलाइ पोषण सम्वन्धी अभिमुखिकरण (शिक्षा)

२४ सुत्केरी तथा गर्भवती महिलाहरुलाई सुत्केरी स्याहार सम्वन्धी तालिम र सम्मान कार्यक्रम

२५. सुनौलो हजार दिनका आमा तथा किशोरीहरुकालागी पोषण, प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व, महिनावारी तथा अन्य जिवनपयोगी सिप र लैङ्गिक समता सम्वन्धी १ दिने तालिम

२६. किशोरीहरुको लागि जीवनउपयोगी सीप विकास तालिममा पोषण विषय समावेस गरी तालिम

## पुर्बाधार तथा भौतिक सम्बन्धि निति

१. पुर्बाधार कार्यमा कोबिड १९ को कारणले रोजगारी गुमाएका जन्ता तथा बिदेशबाट फर्केका युवाहरुलाई लक्षित गरी जन सहभागीतामा आधारित कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गरिनेछ ।

२. गाउँपालिकाको भौतिक संरचना तथा निर्माणधिन प्रशासकीय भवन, वडा कार्यालयहरु,मा.बि., नि.मा.बि., आधारभुत बिद्धालय, स्वास्थ्य संस्था,सेवा केन्द्र र आयुर्बेद स्वास्थ्यका भवनहरुको संरचनाहरुलाई तदारुकताका साथ निर्माण प्रक्रिया आगाडी बढाईनेछ ।

३. गाउँपालिकालाई केन्द्र बिन्दु मानि वडा कार्यालयहरु सम्म छिटो तथा सजिलै पुग्न सकिने गरी कालोपत्रे बाटो बनाउदै लगिनेछ ।

४. गाउँपालिकालाई प्रर्यटन क्षेत्र सित जोडनको लागि सामरिक महात्वका बाटोहरुलाई पुरातात्विक स्थल सम्म पुर्याउनको लागि डि.पी.आर.सर्बे गराई कालोपत्रेबाटो तथा पुल पुलेसाहरुको दिर्घकालीन योजना तयार गरी निर्माण कार्य अगाडी बडाईनेछ।

५. आ.ब.२०७८/०८९मा आवधिक योजनाको साथै गुरुयोजना तयार गरी चरणबद्ध निर्माण कार्य अगाडी बढाईनेछ।

६. गाउँपालिकामा रहेका सबै स्वास्थ्य संस्थाहरुको पुर्बाधार बिकास गर्नका लागि आवश्यक रकम बिनियोजन गरिनेछ ।साथै बैदौली बरथिङ सेन्टरलाई १५ सैयाको अस्पतालको भवन निर्माणको प्रकृया तदारुकताका साथ अगाडी बढाईनेछ ।

७. यस गाउँपालिकामा रहेका सबै सामुदायिकबिद्धालयहरुको भौतिक संरचनाहरुलाई आवश्यकता पहिचान गरी बिशेष प्रथमिकताका साथ निर्माण कार्य अगाडी बढाईने छ ।

८. यस गाउँपालिकाको पुनरुत्थानको लागि तथा दातृ निकाय राष्ट्रिय तथा अन्तररष्ट्रिय निकाय सरकारी तथा गैर सरकारी निकायहरुसित समन्वय गरी दुई पक्षिय तथा त्रिपक्षीय योजनाहरुमा आकर्षित र प्रोत्साहन गराई  सम्पुरकोषमा एथेष्ट रकमको ब्यवस्था मिलाईनेछ ।जस अनुसार जन्ताहरुको माग क्रमश:सम्बोधन हुदै जानेछन ।

९. गाउँपालिका भरीमा बैकल्पिक उर्जा तथा फोहोर मैला ब्यवस्थापन डम्पीङ साईडका साथै बायोग्यास निर्माण संचालन गर्नै संघ संस्थाहरुलाई नितिगत र अन्यकार्यमा सहयोग गरिनेछ ।

१०. भौतिक पुर्बाधार तथा भौतिक संरचनाहरुको गुणस्तरमा सुन्य सहनशीलता अपनाई प्रभावकारी रुपमा उपभोक्ता समिति तथा अनुगमन समितिहरुलाई परिचालन गरिनेछ ।

११. गाउपालिका भित्र रहेका पोखरी ताल तलैयाहरुको संरक्षण सम्बर्धन गर्दै ठेक्का करार गरी आय आर्जनमा जोडि कोरोनाबाट रोजगारी गुमाएका युवाहरुलाई मत्स्य ब्यवसायमा लक्ष्य सहित कार्य अगाडी बढाईनेछ ।

१२. संचालनमा रहेका हाट बजारहरुलाई ब्यवस्थित गर्ने साथै नयाँ हाटबजारहरुको परिकल्पना गरीबजार ब्यवस्थापन गरिनेछ ।

१३. बजार उन्मुख गाउँ तथा चौरहाहरुको सरसफाई तथा ढल निकास नाली निर्माण कार्य प्राथमिकताका साथ कार्य अगाडी बढाईने छ ।

१४. पालिका स्तरमा रिङ रोडको डिजाईन सर्बे डि.पि.आर. गराई आवधिक योजनामा समाबेश गरी संघ प्रदेशका योजनाहरुमा प्रबिष्ट गराई संम्पुरकबाट निर्माण कार्यमा जोड दिईनेछ ।

१५. गाउँपालिका भित्र स्थायी रुपमा सिंचाई संरचनाहरु निर्माण गर्नका लागि परामर्श दाताहरुको प्राबिधिक सहयोगमा निर्माण प्रकृया अगाडी बढाईनेछ ।

१६. गाउँपालिका भित्र माग भई आएका सिचाई सुबिधाहरुको ब्यवस्थापन कुलो, नहरहरुको सरसफाई ,नदीहरुमा फाटक, पानी टैंक, बोरिङ आदि जस्ता संरचनाहरुलाई माग बमोजिम क्रमश:संबोधन गर्दै लगिनेछ ।

१७. सार्बजनिक जग्गाहरुको पहिचान गरी बृक्षारोपण, तरकारी खेती, बाख्रापालन, कुखुरापालन  तथा आय आर्जनमा जोडि युवा युवतीहरुलाई करार तथा लिजमा दिई स्वावलम्बी बनाउन प्रेरित गरिनेछ ।

१८. पालिका भित्र यातायात संचालन गर्ने यातायात ब्यवसायीहरु पहिचान गरी बिभिन्न साधनहरुको रुट निर्धारण गरी यातायात संचालन गर्न प्रेरित गरिनेछ ।

१९. देशको मुख्य सहर तथा राजधानी पुर्याउने बस सेवा संचालनका लागि आवश्यक पहल गरिनेछ ।

२०. पालिका भित्र बिभिन्न बजार तथा चौरहाहरुमा जन्ताहरुको मोमेन्ट अनुसार प्रतिक्षालय, सौचालय र सामुदायिक भवनहरुको लागि आवश्यक पहल गरिनेछ ।

२१. आ.ब.२०७७/०७८मा भौतिक पुर्बाधार तर्फ संचालन भएका योजनाहरु खास गरी अधुरो योजनाहरुलाई पूरा गर्नको लागि यस आ.ब. संबोधन गरिनेछ ।

२२. आगामी आर्थिक बर्षमा बिकासको लक्ष्य हासिल गर्नको लागि स्वमुल्याङ्कनलाई आत्मसात गरी योजनाका बिभिन्न चरण पुरा गर्न यथासम्भव प्रयास गरिनेछ।

२३. पालिकाबाट निर्यात हुने खाद्यान समाग्री तथा बीउबिजनमा ब्रान्ड बनाउनको लागि सम्बन्धित कृषि सहकारी/कृषकसमुह /कृषि फर्म तथा ब्यवसायीहरुलाई आवश्यक सहयोग गरिनेछ।

२४. यस गाउँपालिकामा रहेका पुराना एतिहासिक मठ मन्दिरहरुको पुनर्निर्माण पहिचान गराउनको लागि आवश्यक रकम बिनियोजन गरिनेछ ।

२५. पालिका प्राङ्गणमा रहेको पोखरी सुन्दरीकरण गरी यशोधरा माताको मूर्ति पोखरीको बीचमा स्थापित गराई प्रर्यटकीय दृष्टिकोणले राष्ट्रीय तथा अन्तरराष्ट्रिय जगतमा पहिचान गराउनको लागि प्रेरित गरिनेछ ।

२६. यशोधरा गाउँपालिकाको दोश्रो केन्द्र बिन्दुको रुपमा रहेको अमलोन्हा चौरहामा रहेका पाँच वटा संस्थाहरुलाई एकिकृत सेवाको रुपमा निर्माण गर्नको लागि एथेष्ट रकम बिनियोजन गरिनेछ ।

२७. सबै वडा कार्यालयहरुमा कार्यालय संचालन गर्नको लागि नेट कम्प्युटर आदि न्युन्तम भौतिक संरचनाहरु आवश्यकता अनुसार संबोधन गरिनेछ ।

२८. उत्कृष्ट निर्माण कार्य गर्नेनिर्माण ब्यवसायी तथा उपभोक्ताहरुलाई सम्मान तथा कदर पत्र प्रदान गरिनेछ ।

२९. भौतिक योजनाको कार्यमा निर्बाधखटिने कर्मचारीहरुलाई सम्मान तथा कदर पत्र प्रदान गरिनेछ ।

३०. गाउँपालिका भित्र मधेशको पहिचान तथा संस्कृति झल्कने बुद्ध भगवानको मुर्ति/हलो आदि बिभिन्न चौकहरुमा स्थापित गराई बुद्ध परिपथलाई ब्यवस्थापनमा सहयोग गरिनेछ।

३१. वडा कार्यालयहरुबाट वडा र गा.पा.को लागत साझेदारीमा आयोजना छनोट भई निर्माण कार्यको लागि आएमा प्राथमिकताका साथ लागु गरिनेछ ।

३२. उपभोक्ता समिति तथा निर्माण ब्यवसायी मार्फत पूर्बाधार निर्माणका कार्य गर्दा आयोजनाहरुमा आवश्यक जनशक्ति रोजगार शाखामा सूचिकृत बेरोजगारहरुबाट काममा लगाउन प्रोत्साहन गरिनेछ ।

३३. गाउँपालिका भित्र निर्माण भएका बाटोहरु पि.सि.सि.सडक र कालोपत्रे सडक मर्मत संभार गर्नको लागि सडक मर्मत सम्भार कोषको ब्यवस्था गरिनेछ ।

३४. गाउँपालिका भित्रका निर्माण भएका अधुरो योजनाहरुलाई प्राथमिकता साथ निरन्तरता दिईनेछ ।

३५. सेमरहवा देखि पुर्निहवा सम्म निर्माणाधिन कालोपत्रे बाटोमा चौरहा तथा गाउँ बस्तीहरुमा पक्की नालीको ब्यवस्थापन लागि केही रकम बिनियोजन गरिनेछ ।

३६. गाउँपालिका भित्र घर नक्सापास गरी अवसीय बसोबास/बजार ब्यवस्थापन गर्ने निति लिईने ।

## भूमि व्यवस्था, कृषि तथा सहकारी सम्बन्धि नीति

१. यशोधरा गाउँपालिका भित्र रहेका खेति योग्य जमीन बाँझो नराख्ने नीति अव्लम्बन गरिने छ ।

२. यस गाउँपालिका भित्र बढदो जनसंख्यालाई खाधान्न पुर्ति गर्नको लागि उत्पादन बृद्धिमा आधुनिक प्रबिधि मार्फत खेति गर्न नीति अव्लम्बन गरिने छ ।

३. यस गाउँपालिका भित्रका कृषकहरुलाई खाधान्न, तेलहन, तरकारी लगायत बालीहरुमा उन्नत प्रबिधि मार्फत प्रबिधि प्रर्दशन कार्यक्रम संचालन गरी जनचेतनामूलक संन्देश आम कृषकहरुमा प्रवाह गर्ने नीति लिइने छ ।

४. कृषि पेशा लाई मर्यादित बनाउनको लागि कृषक सम्मान कार्यक्रम संचालन गरिने छ ।

५. बिषादीको जथाभावी प्रयोगलाई न्यूनिकरण गरी जैबिक तथा घरेलु बिषादीको प्रयोग गर्न चेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

६. यशोधरा गाउँपालिका भित्र रहेका खेति योग्य जमीनमा सिंचाई क्षेत्रलाई व्यवस्थित गर्न सार्वजनिकरुपमा रहेको कूलो, बाँध, पोखरी मार्मत गर्नुको साथै व्यवसायिक कृषक, कृषक समूह,कृषि सहकारी, कृषि फार्महरु समेतको सहभागितामा पम्पसेट मार्फत सिंचाई कार्यक्रममा अनुदानको व्यवस्था मिलाइने छ ।

७. एक घर एक करेशाबारी कार्यक्रम मार्फत सबै वडाका कृषकहरुमा मौसम अनुसार तरकारीको बिउ अनुदानमा बितरण गरी पोषणको अवस्थामा सुधार ल्याइने नीति लिने छ ।

८. यशोधरा गाउँपालिका भित्रका तरकारी खेति गर्ने सा-साना कृषकहरुको लागि कृषि सामाग्रीमा अनुदानको व्यवस्था मिलाईने नीति लिने छ ।

९. कृषि व्यवसायमा संलग्न हुन ईच्छुक यूवाहरुको लागि यूवास्वारोजगार कार्यक्रम संचालन गर्ने नीति लिइने छ ।

१०. यशोधरा गाउँपालिका भित्र रहेका खोला किनारको बगर जग्गालाई उपयोगमा ल्याई व्यवसायिकरुपमा तरकारी खेति गर्ने कृषकहरुलाई अनुदानको व्यवस्था मिलाईने छ ।

११. यशोधरा गाउँपालिका भित्रका कृषकहरुलाई धान, गहुँ को बिउ उत्पादनमा आत्मनिर्भर गर्न कृषक समुह, कृषि सहकारी समेतको सहकार्यमा संचालन गर्ने नीति लिइने छ ।

१२. यशोधरा गाउँपालिका भित्र काम गरि रहेका एन.जि.ओ/आई.एन.जि.ओ संघ संस्थाहरु सँग समन्वय गरी कार्यक्रम संचालन गर्ने नीति लिइने छ ।

१३. यशोधरा गाउँपालिका भित्र आकसमिक बाली संरक्षण सेवा तर्फ सुरक्षित बिषादी कृषकहरुलाई अनुदानमा बितरण गर्ने निति लिइने छ ।

१४. यस गाउँपालिका भित्र सहकारी सेवा,सुविधाबाट बंचित रहेका बिपन्न बर्ग, महिला, दलित,जनजाती,एकल महिला । भूमिहीन कृषकहरु समेतलाई पोषणमा सुधार तथा रोजगारीको सृजन ।गर्नको लागी रोजगार मूलक कार्यक्रम स.चालन गरिने छ ।

१५. एक स्थानीय तह एक उत्पादन कार्यक्रम तर्फ खाद्यान्न बालीको बीउ उत्पादन तथा बेमौसमी तरकारी खेती गर्ने कृषक, कृषक समूह वा कृषि सहकारी मार्फत कार्यक्रम संचालन गरिने नीति अवलम्बन गरिने छ ।

१६. ब्यवसायिक रुपमा फलफूल खेती गर्न कृषकहरुलाई बगैचा ब्यवस्थापनमा अनुदान सहयोगको ब्यवस्था मिलाइने नीति अवलम्बन गरिने छ ।

१७. यस गाउँपालिका भित्रका कृषकहरुको प्रमुख समस्याको रुपमा रहेको रासायनिक मलखाद को बिकल्पको रुपमा माटोको उर्बराशक्ति कायम राख्न हरियो मल, जैबिक मल,गाउँ घरमा उत्पादन भएका प्राङगारिक मलको प्रयोगमा अनुदानको ब्यवस्था मिलाउन नीति अवलम्वन गरिने छ ।

१८. वाताबरण स्वस्थ,सुन्दर तथा पोषणमा सहयोग पु-याउन यस गाउँपालिका भित्र एक नेपाली एक बिरुवा रोपण अभियान कार्यक्रम संचालन गरिने छ ।

१९. यस गाउँपालिका भित्र रहेका सम्पूर्ण कृषकहरुलाई कषि सेवाको प्रचार प्रसारमा सेवा टेवा एवं कार्यक्रमलाई अझै प्रभावकारी रुपमा कार्यन्वयन गर्न एक गाउँ एक प्राबिधिकको ब्यवस्था गर्ने नीति अवलम्बन गरिने छ।

२०. यस गाउँपालिका भित्र रहेका सम्पूर्ण कृषि सहकारी संजाल गठन गरिने नीति अवलम्बन गरिने छ।

२१. यस गाउँपालिका भित्र रहेका सम्पूर्ण कृषि सहकारीहरुको आर्थिक व्यवस्थापन मिलाउन नीति अवलम्बन गरिने छ।

२२. उत्कृष्ट कृषि सहकारी संस्थाहरुलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिने छ।

## पशु पंक्षी सम्बन्धी

१। व्यवसायिक पशुपालन तथा गोठ सुधार, पशु आहार, नसल सुधार तथा पशु पालनमा आधुनिकीकरण सम्बन्धी कार्यक्रमलाइ निरन्तरता दिइ विस्तार गरिने छ ।

२। .पशुपन्छिजन्य तथा मत्स्य उत्पादनमा आत्मनिर्भर हुने र निर्यात वृद्धि गर्ने नीति अवलम्वन गरिने छ।

३। माछा पोखरी निर्माण गरि आय आर्जन बृद्धि गर्ने कृषक समूहहरुको लागि नीजि सरकारी साझेदारी कार्यक्रम अन्तर्गत बिकास गर्न आवश्यक व्यवस्था मिलाईने छ।

४। यो गाउँपालिकालाइ दुधमा आत्मनिर्भर बनाइ कृषकलाइ आयस्तरमा वृद्धि गरिने निति लिएको छ ।

५। यो गाउँपालिकालाइ मासुमा आत्मनिर्भर बनाइ गरिब तथा विपन्न घरपरिवारको आयस्तरमा वृद्धि गरिने छ ।

६। एकल महिला, असाहय, गरिब तथा विपन्न बर्गका घरपरिवारलाइ कुखुरा उपलब्ध गराइ अण्डमा अत्मनिर्भर हुने गरी आयस्तरमा बृद्धि गरिने छ ।

७। गुणस्तरीय पशु स्वास्थ्य सेवा विस्तार गरिनेछ । प्राविधिकहरु गोठ तथा फार्ममै पुगी पशुपन्छी पालनसम्बन्धी प्राविधिक सेवा दिनुपर्ने व्यवस्था मिलाइनेछ ।

८। गाउँपालिका कुखुराको अण्डामा आत्मनिर्भर रहेको छ । दुध, मासु र माछाको उत्पादनमा आत्मनिर्भरता बृद्धि गरी । उत्पादनको बजारीकरणमा सुधार ल्याउने ल्याइने छ ।

९। पशुजन्य उत्पादनको गुणस्तर नियन्त्रण तथा नियमन गरी बजार व्यवस्थापनमा सहजीकरण गरिनेछ । गुणस्तरीय पशु स्वास्थ्य सेवा विस्तार गरिनेछ । पशु रोगविरुद्ध खोप कार्यक्रमलाइ अभियानको रुपमा संचालन गरिनेछ । पशुबाट सर्ने रोगहरुको निदान, रोकथाम र नियन्त्रण गर्न क्वारेन्टिन र प्रयोगशाला सेवाको लागि प्रदेश तथा सघं सरकार सित आवश्यक पहल गरिनेछ ।

१०। विदेशबाट फर्केका वेरोजगार युवाहरुलाइ विशेष लक्षित कार्यक्रम संचालन गरी स्वारोजगार बनाइने निति लिइने छ । पालिका भित्र पशुपंक्षिमा रोगगार सिर्जनाको वातावरण बनाइने छ ।

११। यशोधरा गा.पा. अर्न्तगतका गरिब अति बिपन्न कृषकलाई आवश्यकता पहिचान गरी ब्राखा बितरण तथा पशु प्रजननको लागी बोका बितरण गरी पाठापाठी उत्पान भई आयस्तरमा बृद्धि गराउने।

१२। पशु अहारा व्यवस्थापनको लागी फर्म र समुह समिति तथा गाई भैसी पालन गर्ने कृषकहरुलाई च्यापकटर मेसिन बितरण गर्ने।

१३। दुध व्यवसायी तथा पशु पालन फार्मलाई दुध ढुवानीका लागी मिलकेन बितरण गरी मार्केटिंगको सहज व्यवस्था मिलाउने जसको लागी आयस्तरमा बृद्धि हुनेछ ।

१४। बाखामा उन्नत जातको नस्ल सुधारका लागी उन्नत जातका बोका बितरण गरी पाठापाठीको संख्यामा बृद्धि हुनेछ ।

## कृषि सहकारी नीति तथा कार्यक्रम

१. यस गाउँपालिका भित्र रहेका सम्पूर्ण कृषि सहकारी संजाल गठन गरिने नीति अवलम्बन गरिने छ ।

२. यस गाउँपालिका भित्र रहेका सम्पूर्ण कृषि सहकारीहरुको आर्थिक व्यवस्थापन मिलाउन नीति अवलम्बन गरिने छ ।

३. उत्कृष्ट कृषि सहकारी संस्थाहरुलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिने छ ।

## राजस्व परिचालन एंव अभिवृद्धि सम्बन्धी नीति

१. यस गाउँपालिका अर्न्तगत रहेका सम्पूर्ण आन्तरिक श्रोत साधनहरुको यर्थात पहिचान गरिनेछ । उक्त पहिचान गरिएका श्रोत साधनहरुको अनुगमन गरी करको दायरामा ल्याइनेछ ।

२. गाउँपालिका भित्र भएका सम्पूर्ण पसल , व्यवसाय,तथा सेवाहरुलाई दर्ता गराउनका लागि आवश्यक व्यवस्था मिलाइनेछ । र पालिकामा दर्ता भएका पसल, व्यवसाय तथा सेवाहरुलाई नवीकरण गराउने व्यवस्था गरिनेछ ।

३. यशोधरा गाउँपालिका अर्न्तगत भएको प्राकृतिक श्रोतहरुको (जस्तै) ठूलो पोखरा , ताल तथा नदी जन्य वस्तु ) हरुको पहिचान तथा वातावरणीय प्राविधिक सर्वेक्षण गरी ठेक्कामा दिई राजश्व संकलनको दायरा बढाइनेछ ।

४. गाउँपालिका अर्न्तगत हाल पालिका लगायत ८ वटा वडा कार्यालयमा राजश्व संकलन गर्ने प्रक्रिया जटिल भएकोले उक्त राजश्व संकलन प्रक्रियालाई छिटो , छरितो , कम समय तथा करमैत्री तरिकाले कर बुझाउनाका लागि अनलाइन प्रक्रिया वाट राजश्व बुझाउनका अनिवार्य व्यवस्था मिलाउनेछ ।

५. गाउँपालिकामा हाल सम्म एकिकृत सम्पत्ति लागु नभएकाले आ.व. ०७८।७९ को प्रथम चौमासिक भित्र अनिवार्य लागु गर्नका लागि व्यवस्था गरिनेछ ।

६. गाउँपालिकामा अनलाइन प्रक्रियावाट राजश्व संकलन गर्न गराउनका वडा कार्यालयमा कार्यरत वडाका कर्मचारीहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

७. गाउँपालिका अर्न्तगत रहेको सुठौली भन्सार भएर जाने भारतीय नम्बर प्लेट गाडीहरुको लागि जग्गा व्यवस्थापन गरी पार्किङको व्यवस्था मिलाइनेछ ।

८. गाउँपालिका अर्न्तगत हाट बजार संचालनका लागि आवश्यक पहल गरिनेछ। र गाउँपालिका भित्र भएका

९. बजारहरुको व्यवस्थापनका लागि बजार व्यवस्थापन समितिको निर्माण गरिनेछ ।

१०. गाउँपालिका अर्न्तगत आ.व.०७८।७९ मा सबै भन्दा बढी कर तथा राजश्व बुझाउने व्यक्ति , व्यवसाय , संस्था तथा फर्मलाई पुरस्कृत र सम्मानित गरिनेछ ।

११. .वार्षिक पेशा व्यवसाय करका दर बमोजिम करदाता पहिचान गर्ने सम्बन्धमा पेशा व्यवसायको प्रकृति आकार एंव ठाँउ र मालपोत कार्यालयको मुल्याकङकन समेतका आधार लिइने छ । पेशा व्यवसायको प्रतिनिधी मुलक संघ संस्थाहरुबाट द्वारा तोकिएको दरबन्दीका आधारमा पेशा व्यवसायका करदाता प्रष्टयाइ श्रेणी निर्धारण गरी सहयोग सहमतिका आधारमा कर असुली

व्यवस्थापनलाइ सहज बनाउन प्रतिनिधीमुलक संघ संस्थाहरुको सहकार्यमा कार्यक्रमहरु संचालन गरिनेछ ।

१२. अपांग असहाय अशक्त दैवी प्रकोप पिडित द्धन्द्ध पिडित जेष्ठ नागरिक दलित ६० वर्ष अन्य ७० वर्ष माथिका जस्ता सम्बन्धीत सिफारिस नि शुल्क तथा कार्य प्रकृति अनुसार न्यूनतम राजस्व लिइ कार्यन्वयन गरिनेछ

१३. .पेशा व्यवसाय कर लिदा एउटै फर्मबाट फरक फरक प्रकृतिका व्यवसाय संचालन गरेके हकमा तोकिए बमोजिमको फरक फरक प्रकृतिका व्यवसाय करको दरले हुन आउने रकम जोडी व्यवसाय कर लिइनेछ ।

१४.राजस्व संकलन कार्यलाइ थप प्रभावकारी बनाउन गाउँवासीहरुलाइ सेवा सुविधा उपलब्ध गराउदा गाउँपालिकामा भुक्तान गर्नु पर्ने कुनै कर शुल्क दस्तुर बाँकी नरहेको आधारमा करमा आवश्यक छूटको व्यवस्था गरिने छ ।

१५. गाउँपालिका द्वारा गर्ने राजस्व सम्बन्धी निर्णय र आर्थिक कारोबारमा पारदर्शिता र सहभागीता प्रवर्धन गरिनेछ ।

१६. करमा परदर्शिता कायम गर्नको लागि कर संकलनमा सूचना प्रविधिको उपयोग गरिने छ।

१७. यस गाउँपालिका अर्न्तगत भएका पसल, व्यवसाय , संस्था , सेवा,बजार लगायत आन्तरिक राजश्व संकलन हुने ठाउँको नियमित अनुगमन गरिने व्यवस्था गरिनेछ।

१८.यस गाउँपालिका अर्न्तगत पशु हाट बजार संचालन तथा व्यवस्थापन गरिनेछ।

## सुशासन प्रवर्धन,संगठन विकास र कार्यालय व्यवस्थापन सम्बन्धी नीतिहरुः

१.यशोधरा गाउँपालिकाको कार्यलाई प्रभाकारी जनमुखी, जवाफदेहीता, पारदर्शिता, मितव्ययीत तुल्याउन कार्यबोझ तथा समयानुकुल व्यवस्थापनको लागि कर्मचारीको दरवन्दी तेरिजमा परिमार्जन गरि लागु गरिने छ ।

२.गाउँपालिकाको वस्तु स्थिती झल्कने श्रोत नक्सा, आवधिक गाउँविकास योजना, विषयगत तथ्याङक यस आ.ब. मा Website मार्फत लागु गरिने छ तथा गाउँपालिकाको प्रोफाइललाइ किताब बनाइ प्रकाशन गरिने छ ।

३.गाउँबासीहरुका लागि आधुनिक सेवा प्रवाहमा उत्कृष्ट कार्य गर्ने गाउँपालिकाको कार्य प्रकृति अभिलम्बन गर्न कर्मचारीहरुलाई थप तालिम गोष्ठीको व्यावस्था गरिनेछ ।

५.गाउँपालिकाको प्रशासनिक तथा संगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त, विश्वाशनियता, क्षमतायूक्त र प्रभावकारी बनाउदै अत्यावश्यक रिक्त दरबन्दीहरुमा उपयूक्त प्रक्रियाबाट पदपुर्ति कार्यालाइ आगाडि बढाइने छ ।

६. सूचना प्रविधि प्रयोग गरि गाउँपालिकाको सूचनाहरुलाई पारदर्शि बनाउन गाउँपालिकाको वेब साईट तथा सामाजिक संजाल मार्फत सर्वजनिकिरणलाइ थप व्यवस्थापनलाइ निरन्तरता दिने छ ।

७. सार्वजनिक स्थानमा जुवातास, मदिरा, लागु औषधको करोबार तथा सेवन गर्ने होहल्ला गर्ने प्रवृतिलाईन्युनीकरण गर्न प्रहरी प्रशासन सँग समन्वय गरि सामाजिक वातावरणलाइ सुशासन युक्त बनाउनमा कडा निति अवलम्बन गरिने छ ।

## सूचना तथा संचार सम्बन्धी नीतिः

१। वडा कार्यालयहरुमा सम्पादन हुने सेवाहरुलाइ अनिवार्यरुपमा सूचना प्रविधिमा आधारित आगामी बर्षमा संचालन गरिने छ ।सम्पूर्ण वडा कार्यालयहरुमा आगामी साउन महिना अन्त सम्म फाइबर इन्टरनेट सेवा संचालन गरिने छ ।

२। गाउँपालिका अन्तरगत स्वास्थ्य संस्था, विद्यालय, वडा कार्यालयबाट प्रवाह हुने सेवाहरुलाइ सूचना प्रविधिको अधिक्तम प्रयोगको व्यवस्था मिलाइने छ ।

३। छिटो छरितो , सार्वसुलभ सेवा दिनको लागि आवश्यक साफ्टवेयर जडान गरिएको छ र थप साफ्टवेयर आगामी आ.ब मा प्रयोगमा ल्याउनेछ ।

४। गाउँ सभा, कार्यपालिका, विषयगत समितिहरुबाट हुने निर्णय तथा क्रियाकलापर मासिक प्रगति प्रतिवेदनहरुलाई वेब साईट मार्फत प्रकाशित गरि अनिवार्य रुपमा नागरिकको सूचनामा पहुच हुने गरि व्यवस्था निरन्तरता दिने छ ।

५। गाउँका कार्यक्रम तथा सूचनाहरु सम्पूर्ण जनतामा पुर्याउन र पारदर्शिता कायम गर्न संचार माध्यमहरु एफ.एम. पत्रपत्रिका तथा सामुदायिक आनलाइन न्यूजहरु संग सहकार्य गरि कार्यन्वयनमा ल्याउनेछ।

६। गाउँपालिका अन्तरगतका सम्पूर्ण विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालय एवं गाउँपालिकाको कार्यालयमा कार्यरत जनशक्तिहरुलाइ सूचना प्रविधिमा क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम तथा अभिमुखिकरण कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था गरिने छ ।

## मानव संसाधन सम्बन्धी नीतिः

१.गाउँपालिका कार्यालय, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरुको कर्मचारीहरुमा चैन अफ कमाण्डको सेवाग्राही प्रति उत्तरदायी तथा जवाफदेहिता र कर्मचारी आचारसंहिता निर्माण गरि लागु गरिनेछ । कार्यरत कर्मचारीहरुको आचारसंहिता कडाइका साथ लागु गरिने छ ।

२. कर्मचारीहरुलाई समय सापेक्ष विभिन्न सीप मुलक तालिम कार्यक्रम संचालन गरिने छ।

३. मुस्कान सहितको सेवा (Service With Smile) कर्मचारी तथा जन प्रतिनिधिहरु जनताका सेवक हुन भन्ने अनुभुति हुनेखालको सेवा प्रवाहको लागि आवश्यक वातावरण बनाइने छ।

४. कर्मचारीहरुको कार्यसम्पादन मुल्याङकन गरी उत्कृष्ठ काम गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्ने नीति लिइएको छ।

५. यस गाउँपालिकामा एक जना कानुनी सल्लाहकारको व्यवस्थाका लागि आश्यक प्रक्रिया आगाडि बढाइने छ ।

## मर्यादा पालन सम्बन्धी नीतिः

१.गाउँ सभा संचालन कार्यविधि २०७४ मा उल्लेख मर्यादा पालन सम्बन्धी विविध विषयहरुलाई कडाईका साथ पालनामा जोड दिएको छ ।

२.जन निर्वाचित पदाधिकारीहरुका लागि बनाइएको आचारसंहिता कडाईका साथ लागु गरिएको छ ।

३. नेपाल सरकार एव प्रदेश सरकारले द्धारा जारी भएका निर्देशन एव विधिलाइ आनिवार्यरुपमा लागु गरिने छ ।

## विधायन तथा वित्तीय अनुशासन

1. महालेखाबाट सुझावका रुपमा पेश गरिएका सुझाव उपर र नियमित गर्नुपर्ने सबै कुरा आर्थिक ऐन बमोजिम गरिनेछ।
2. "Kick to the Corruption, Kiss to the Development" आत्मसाथ गर्दै आर्थिक उत्तरदायित्व र पारदर्शिता बढाउने नितिलाई आत्मसात गरिनेछ।
3. पालिकाबाट हुने आर्थिक कारोबारलाई थप व्यवसिथत बनाउन प्रयास गरिनेछ।
4. जननिर्वाचित पदाधिकारी र कर्मचारीतन्त्र बीच सुमधुर सम्बन्धलाई आपसी हातेमालो गर्दै अझै प्रगाढ बनाउदै सामूहिक प्रयत्नबाट विकासका अपेक्षित प्रतिफल हासिल गर्नका लागि **"सेवा, प्रशासन र प्रगतिः जनतामुखी राजनिति"** भन्ने नाराका साथ अगाडी बढाइनेछ।
5. वित्तीय अनुशासन,पार्दशिता र जवाफदेहीतालाई सशक्त बनाउन,वित्तीय जोखिम न्युनिकरण गर्न र सेवाप्रवाहलाई छिटो छरितो एवं पारदर्शी बनाउन नागरिक वडा पत्रको व्यवस्था, आयोजना निर्माण स्थलमा सूचना पाटी,सार्वजनिक सुनुवाई सामाजिक परिक्षण, रेडियो तथा पत्रपत्रिकाबाट हाम्रो गतिविधी सम्प्रषण लगायतका कार्यलाई निरन्तरता दिइनेछ।
6. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्थाहरुको कार्यान्वयनका लागि यशोधरा गाउँपालिकालाई प्राप्त भएको अधिकार क्षेत्र भित्र रहि आवश्यकता अनुसार विभिन्न ऐन, कानून, कार्यविधि, नियमावली तथा निर्देशिका बनाइ लागु गरिने छ।
7. ऐन, कानून, कार्यविधि, नियमावली तथा निर्देशिका बनाउनका लागि सो संग सम्बन्धित विशेषज्ञबाट अध्ययन अनुसन्धान, परामर्श गर्न आवश्यक बजेट विनियोजन गरि कार्यान्वयनमा लैजाने छ।

## रोजगार सम्बन्धी नीति सम्बन्धि निति

- ❖ बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सुचना व्यवस्थापन प्रणलीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ।
- ❖ पालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ।
- ❖ रोजगारदाताबाट माग भए बमोजिम सूचीकृत बेरोजगार व्यक्तिलाई रोजगारीका लागि काममा जान सूचित गरिनेछ।
- ❖ बेरोजगारहरुको ज्ञान, सीप, योग्यता, अनुभव, र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिस गरिनेछ।

❖ युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना मार्फत सीप बिकास र स्वरोजगारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

❖ गाँउपालिका भित्रबाट वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुका लागि सूचना सम्प्रेषणको व्यवस्था गरिनेछ ।

❖ वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट उपलब्ध गराइने आर्थिक सहायता वितरण सम्बन्धी कार्यमा रोजगार सेवाकेन्द्रबाट सहजिकरण गरिनेछ ।

❖ स्थानिय स्तरमा रोजगारीको प्रवर्द्नका लागी सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भएसम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिने नीति लिइनेछ ।

❖ स्थानिय स्तरमा रोजगारी सिर्जना गर्नका लागी संघ र प्रदेश सरकार सँग आवश्यक समन्वय गर्दै रोजागार सेवा केन्द्र र प्रधानमन्त्री रोजगार कार्यक्रम लाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

❖ स्थानिय स्तरमा रोजगारी सिर्जनाका लागी निजी सरकारी र गैरसरकारी क्षेत्रसँग आवश्यक सहकार्य गरी थप रोजगारीको अवसर सिर्जना गरिनेछ ।

❖ **यशोधरा गाउँपालिकाको अभियान, श्रमको सम्मान कार्यक्रम** सबै वडाहरुमा संचालन गरिनेछ ।

# न्यायिक समितिको नीति तथा कार्यक्रम

❖ बिगत बर्षको अनुभव तथा यस आ.व.२०७७।०७८ मा संघीय सरकारले संस्थागत क्षमता स्वमुल्याङ्कन कार्यबिधि,२०७७ निर्माण गरि सबै स्थानीय तहको मुल्याङ्कन हुदै गरेको सन्दर्भमा यस पालिकाको पनि स्वमुल्याङ्कन गर्दा न्यायिक समितिको न्यायिक कार्य सम्पदानको कुल अंकभार ७ रहेको वर्त्तमान स्थितिमा न्यायिक समितिले अत्यन्तै न्युन अंक जम्मा १.५ अंक प्राप्त गर्न सफल भयो । यो स्थितिलाई सुधार तथा न्यायिक कार्य अलि कठिन नै भएकोले गर्दा आवश्यक बिज्ञको सरसल्लाहले कार्य अगाडि बढाउन तपशील अनुसारको नीति तथा कार्यक्रम अवलम्बन गरिने छ ।

## तपशीलका नीति तथा कार्यक्रम

❖ न्यायिक कार्य सम्पदानका लागि बनेको कार्यबिधि ऐनलाई सरलीकृत हुने गरि संशोधन गरिने छ ।

❖ न्यायिक कार्य सम्पदानमा स्थानिय सरकार संचालन ऐन २०७४को दफा ४९ को उपदफा २ बमोजिम कार्य अवलम्बन गरिने छ । परिणाम स्वरुप सबै विवादहरु न्यायिक समितिमा दर्त्ता भई समाधानका लागि सम्बन्धित वडाका मेलमिलाप केन्द्रमा पठाइने छ ।मेलमिलाप केन्द्रमा बिवाद माथि आवश्यक प्रक्रिया अनुसार समाधान गरिनेछ ।

❖ न्यायिक कार्य सम्पदानमा स्थानिय सरकार संचालन ऐन २०७४को दफा ४९ को उपदफा १० बमोजिम सबै वडाहरुमा मेलमिलाप केन्द्र गठन गरिनेछ । र सो केन्द्रलाई प्रभावकारी बनाउनका लागि प्रत्येक केन्द्रमा एक जना मेलमिलाप केन्द्रको संयोजक नियुक्त गरिनेछ ।

❖ न्यायिक कार्य, मेलमिलाप तथा गाउँपालिकाका अन्य कानुनी प्रकिया नियमानुसार प्रभावकारी रुपमा अवलम्बन गरिने छ ।

❖ न्यायिक कार्यको बारेमा समुदायमा सामाजिकीकरण तथा आम सचेतीकरण कार्य गरिनेछ ।

❖ मेलमिलापकर्त्ताहरुलाई पुर्न ताजगी तालिमको ब्यवस्था मिलाइनेछ ।

❖ सबै वडाहरुमा सामाजिक अभियन्ता, बुद्दजीवि तथा भलाभद्र मानिसहरुलाई न्यायिक कार्यबारे अभिमुखीकरण गरिनेछ ।

❖ सबै वडावाट तालिम प्राप्त मेलमिलापकर्त्ताहरुलाई सुचिकृत गरिनेछ ।

❖ नि:सक्रिय रहेको मेलमिलापकर्त्ताहरुको ठाउमा पुनः आधारभुत तालिम प्रदान गरि आवश्यक मेलमिलापकर्त्ता तयार गरिनेछ ।

❖ यसकार्यका लागि आवश्यक खर्चको बजेट मिलाउने तथा आवश्यक जनशक्तिको ब्यवस्था गरिनेछ ।

**धन्यवाद**